नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१५३६५९०८

बबरमहल,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

मितिः २०८१/०१/२४
ने.सं.११४४ चौलागा १३, सोमबार

**सार्वजनिक प्रदर्शन, हडताल, तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्यांकन सम्बन्धी कार्यविधि, २०८१ को पूर्ण रुपमा पालना गर्ने सम्बन्धी सूचना !**

नेपालको संविधान र प्रचलित कानून प्रदत्त अधिकारको प्रयोग गर्दा हुने गरेका प्रदर्शन, धर्ना-जुलुस वा अन्य विरोधका कार्यक्रमबाट सरकारी सार्वजनिक एवं व्यक्तिगत सम्पत्तिमा हानी नोक्सानी र क्षति समेत हुने गरेको सन्दर्भमा नागरिकलाई संविधानले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा शान्तिपूर्वक रुपमा भेला हुने हकको उपभोगलाई थप सुव्यवस्थित गर्दै सरकारी सार्वजनिक एवं व्यक्तिगत सम्पत्तिमा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न तथा यसरी हुने क्षतिको यथार्थ लेखाजोखा मूल्यांकन गरी त्यसको परिपुरण समेत गर्ने उद्देश्यले गृह मन्त्रालयले "सार्वजनिक प्रदर्शन हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०८१" जारी गरेको छ। उक्त कार्यविधि यस कार्यालयको वेभसाइट https://daokathmandu.moha.gov.np/ बाट अवगत गर्न सकिनेछ। सो सम्बन्धमा आगामी दिनमा काठमाडौं जिल्लाभित्र विभिन्न राजनैतिक दल, संगठित संस्था, सरकारी वा गैरसरकारी संघ संस्था, व्यक्ति वा समूहबाट गरिने सार्वजनिक प्रदर्शन, धर्ना-जुलुस, विरोध लगायतका कार्यक्रमहरु गर्दा उक्त कार्यविधिको पूर्ण रुपमा पालना गर्ने शर्तमा स्थानीय प्रशासनबाट अनुमति लिएर मात्र गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

२०८१.०१.२४

**(हरि प्रसाद शर्मा)**
सहायक प्रमुख जिल्ला अधिकारी